प.सं.: /०८३/०८४
च.नं. २२३

मिति: २०८३/०६/०८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
भद्रकाली, काठमाण्डौं ।

विषय :- साधारण सभाको माईन्युट पेश गरिएको सम्वन्धमा ।

महाशय,

उपरोक्त सम्वन्धमा यस वैंकको मिति २०८३।०५।२४ मा सम्पन्न बीसौ वार्षिक साधारण सभाद्धारा गरिएको निर्णयहरु (माईन्युट) यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

२०८३/०६/०८

श्याम बहादुर बोहोरा
कम्पनी सचिव

## एक्सेल डेभलपमेन्ट बैंक लि. को बीसौ वार्षिक साधारण सभाका काम कारवाही को विवरण (माइन्यूट) तथा पारित निर्णयहरु

१. यस एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिको मिति २०८३।०४।२८ को ३४८ औं बैठकबाट निर्णय भई मिति २०८३।०५।२४ मा सिद्धार्थ होटल, विर्तामोड, झापामा बैंकको बीसौ वार्षिक साधारण सभा सम्पन्न हुने बारेको सूचना "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिकमा मिति २०८३।०४।२९ र मिति २०८३।०४।३० मा प्रकाशित भए बमोजिम यस एक्सेल डेभलपमेन्ट बैंक लि.को बीसौ वार्षिक साधारण सभा मिति २०८३।०५।२४ मा यस बैंकका संचालक समितिका अध्यक्ष श्री महेन्द्र कुमार गोयलज्यूको अध्यक्षतामा बिहान ११:०० बजे शुरु भै दिनको १:४५ बजे सु-सम्पन्न भयो । उक्त बीसौ वार्षिक साधारण सभामा भएको छलफल तथा निर्णयहरु देहाय बमोजीम छन् :-

सभा स्थान : सिद्धार्थ होटल, विर्तामोड, झापा ।

२. उपस्थिती :-

(क) संचालकहरुको उपस्थिती

१) अध्यक्ष श्री महेन्द्र कुमार गोयल
२) संचालक श्री पर्शुराम दाहाल
३) संचालक श्री यज्ञ प्रसाद शर्मा
४) संचालक श्री प्रकाश बाबु पन्त
५) संचालक श्रीमति सावित्री लोहनी दाहाल
६) संचालक डा. रुपक प्रसाद खनाल
७) संचालक श्री जगन्नाथ ढुङ्गेल

(ख) बैंक पदाधिकारीहरु एवं पर्यवेक्षकको उपस्थिती

१) प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेल
२) नायब प्रमुख कार्यकारी अधिकृत श्री लेख राज कार्की
३) नायब महाप्रबन्धक श्री अशोक क्षेत्री
४) सहायक महाप्रबन्धक श्री शिवगोपाल रिसाल
५) कम्पनी सचिव श्री श्याम बहादुर बोहोरा
६) बरिष्ठ प्रबन्धक श्री चन्द्र प्रसाद आचार्य
७) प्रबन्धक श्री शिव कुमार गिरी
८) का.मु.प्रबन्धक श्री रौनक कोइराला
९) नायव प्रमुख कार्यकारी अधिकृत श्री सचिन्द्र ढुंगाना, एनआइएमबि एस क्यापिटल लि.
१०) मर्चेण्ट विभाग प्रमुख श्री अनिल पन्थी, एनआइएमबि एस क्यापिटल लि.

(ग) शेयरधनीहरुको उपस्थिती

१) उपस्थित शेयरधनीहरुको सँख्या

क) शेयरधनी स्वयम - ३४
ख) प्रतिनिधी प्रोक्सीबाट - १६४
ग) अनलाईनबाट - ०

**जम्मा - १९८**

२) शेयरधनीहरुको उपस्थिती प्रतिशत - २.६८%

३) शेयर संख्याको आधारमा प्रतिनिधित्व प्रतिशत - ६९.०७%

यस सभा मिति २०८३।०५।०८ सम्ममा सहभागी हुन पाउने शेयरधनीहरुको कुल संख्या ७४०१ मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

## ३. सभाको निर्धारित विषयसूची :

(क) सामान्य प्रस्ताव :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक श्री बि.आर.एस.न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्टस् ज्ञानेन्द्र बहादुर भारी.पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ । )

४. संचालक समितिद्धारा थप गरिएको कम्पनीको सर्वसाधारण समूह तर्फको सञ्चालकहरुको कार्यकाल अनुमोदन गर्ने सम्बन्धमा ।

५. सर्वसाधारण समूहका सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१ .यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) प्रयोजनको लागि उन्नाइसौ वार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त बैंक तथा वित्तिय सस्थासंग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) गर्ने सम्बन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्न Merger तथा Acquisition समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्गन (Due Diligence Audit) गर्न मूल्याकनकर्ताको नियुक्ती गर्न, निजको पारिश्रमीक निर्धारण गर्न, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्न, सम्बन्धित नियमनकारी निकायहरुसंग सहमति लिने लगायतका Merger तथा Acquisition सम्बन्धी आवश्यक सम्पूर्ण कार्य/प्रकृया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

२. संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया लगायत अन्य आवश्यक विषयका लागि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

## ४. सूचना प्रकाशन

संचालक समितीको मिति २०८३।०४।२८ मा बसेको ३४८ औं बैठकवाट निर्णय भई मिति २०८३।०५।२४ मा सिद्धार्थ होटल, विर्तामोड, झापामा बैंकको बीसौ वार्षिक साधारण सभा सम्पन्न गर्ने गरी कम्पनी ऐन २०६३ दफा ६७ उपदफा २ बमोजीम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था वमोजिम मिति २०८३।०४।२९ र मिति २०८३।०४।३० गते "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी सबै सेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

## ५. गणपुरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थित | | प्रतिनीधि | | अनलाइनबाट | | जम्मा | प्रतिश |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संस्थापक | सर्वसाधारण | संस्थापक | सर्वसाधारण | संस्थापक | सर्वसाधारण | | |
| शेयरधनी संख्या | ७४०१ | ११ | २३ | ११ | १५३ | – | – | १९८ | २.६ |
| कम्पनीको शेयर संख्या | १२४९६९४४.७१ | २९५८१५६.०० | ३१५४४२.०० | १७१५९९५.०० | ३६४२१२५.०० | – | – | ८६३१७१८.०० | ६९.० |

## ६. सभाको बैधानिकता तथा सभापतित्व

साधारण सभा शुरु हुनु अघि उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन बमोजीम शेयरधनीहरुको उपस्थिती र कम्पनी ऐन तथा नियमावली बमोजीम गणपुरक संख्या उक्त ऐन तथा

नियमावलीमा उल्लेख भए बमोजीम पर्याप्त रहेको व्यहोरा सभालाई कम्पनी सचिवबाट अवगत गराइए पश्चात्त संचालक समितिका अध्यक्ष श्री महेन्द्र कुमार गोयलज्यूले सभाको अध्यक्षता ग्रहण गरी कानुनतः आवश्यक प्रक्रिया पूरा भएकोले सभाको उद्घाटन कार्य तथा सभा संचालन गराउनु भयो ।

**७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुती**

क) सभाको शुभारम्भमा उपस्थित महानुभावहरुको आसन ग्रहण पश्चात बैंकका संचालक समितिका सदस्य डा.रुपक प्रसाद खनालज्यूबाट सम्पूर्ण आमन्त्रित महानुभावहरु, बैंकको प्रगतीलाई अगाडी बढाउन मद्दत गर्नुहुने कर्मचारी वर्ग, आन्तरिक तथा बाह्य लेखापरीक्षणमा सहयोग गर्नुहुने लेखापरीक्षकहरु, संचालक लगायत सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आफ्नो शुभकामना मन्तव्य राख्नुभयो ।

ख) सभामा स्वागत मन्तव्य पश्चात सभाका सभाध्यक्ष श्री महेन्द्र कुमार गोयलज्यु र नेपाल उद्योग वाणिज्य महासंघका पुर्व केन्द्रीय उपाध्यक्ष श्री हेमराज ढकालज्यु बाट संयुक्त रुपमा सभा स्थलमा रहेको पानसमा बत्ती बाली बैंकको बीसौ वार्षिक साधारण सभा उद्घाटन कार्य सम्पन्न भयो ।

ग) सभाको उद्घाटन पश्चात मन्तव्यको क्रममा प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेलले बैंकको प्रगति विवरण तथा वर्तमान गतिविधि वारेमा आफ्नो मन्तव्य राख्नुभयो ।

घ) तत्पश्चात यस बैंकका अध्यक्ष श्री महेन्द्र कुमार गोयलज्यू बाट आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा उपस्थित सबै समक्ष पढेर सुनाउनु भयो र छलफलको लागि प्रस्ताव राख्नु भयो ।

ङ) अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति पश्चात शुभकामना मन्तव्य दिने क्रममा निम्न शेयरधनी महानुभावहरु बाट आगामी दिनमा बैंकको उन्नती, प्रगतिको कामना गर्दै बैंकिङ्ग सेवा विस्तारको क्रममा ग्राहकहरुलाई पुऱ्याएको सेवालाई घटन नदिन, गुणस्तरिय कर्जा लगानी गर्न, कर्जा असुलीलाई प्रभावकारी बनाई NPL घटाउन, सेयरधनीहरुलाई प्रतिफल उपलब्ध गराउने गरीका आवश्यक रणनीतिहरु अवलम्बन गर्न लगायतका सुझावहरु प्रदान गर्नु भयो ।

१. श्री सुरेश कुमार अग्रवाल - संस्थापक शेयरधनी
२. श्री हेमराज ढकाल - संस्थापक शेयरधनी तथा पुर्व उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

च) शेयरधनीहरुबाट शुभकामना मन्तव्य पश्चात अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान लगायतका वित्तीय विवरणहरु उपरको छलफलमा भाग लिईदिन तथा आफ्नो जिज्ञासा तथा विचार व्यक्त गर्न उपस्थित सबै शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नु भयो ।

**८) बीसौ वार्षिक साधारण सभाका निर्णयहरु :-**

**क. सामान्य प्रस्तावहरु :-**

१. अध्यक्षले प्रस्तुत गर्नु भएको आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन सभामा आवश्यक छलफल पश्चात प्रतिवेदन पारित गरि दिन सभाध्यक्ष महोदयले अनुरोध गर्दा सबै सदस्यहरुले ताली बजाई सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८२ अषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु सर्व सम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

३. आर्थिक वर्ष २०८२/८३ को लागी लेखापरीक्षक नियूक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समिति तथा संचालक समितिबाट साधारण सभामा सिफारिस गरिएका ३ जना लेखापरीक्षकहरु

मध्ये आ.व. २०८२/८३ को लागि एफ.सि.ए. ज्ञानेन्द्र वहादुर भारी, पार्टनर, वि.आर.एस.न्यौपाने एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्स, वालुवाटार, काठमाण्डौ लाई लेखापरीक्षक नियुक्ति गर्ने र सो आर्थिक बर्षको लेखापरीक्षण कार्य (स्ट्याच्युटरी अडिट, लंग फर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणिकरण सहित सवै किसिमका लेखापरीक्षण) गरे बापत लेखापरीक्षण शुल्क वापत मूल्य अभिवृद्धि कर सहित रु ५,१०,०००।०० (अक्षरेपी रु पाँच लाख दस हजार मात्र) र यातायात खर्च, होटल खर्च लगायतका लेखापरीक्षण खर्च वापत मुल्य अभिवृद्धि कर सहित रु ३,४०,०००।०० (अक्षरेपी रु तीन लाख चालीस हजार मात्र) उपलब्ध गराउने सर्वसम्मतिबाट निर्णय गरियो ।

४. यस वैंकको मिति २०७८।०६।१६ मा सम्पन्न पन्धौ वार्षिक साधारण सभाबाट सर्वसाधारण समुहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालक हरुको निर्वाचन भई निर्वाचित संचालकहरु तथा उक्त संचालकहरुको रिक्त स्थानमा मनोनयन हुनु भएका संचालकको कार्यकाल (पदावधि) मिति २०८२ असोज १६ गतेबाट समाप्त हुने भएकाले बैंकको नियमित काम कारवाहीलाई सुचारु राख्नको लागि सर्वसाधारण समुहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक समितिका सदस्यहरु क्रमशः श्री पर्शुराम दाहाल, श्री यज्ञ प्रसाद शर्मा र श्री प्रकाश वावु पन्तको कार्यकाल (पदावधि) आगामी वार्षिक साधारण सभा सम्मकालागि थप गर्ने निर्णय संचालक समितिको मिति २०८२।०६।०१ को वैठक नं. ३३३ बाट भएकाले सञ्चालक समितिद्धारा थप गरिएको कम्पनीको सर्वसाधारण समूह तर्फको सञ्चालकहरुको कार्यकाल अनुमोदन गर्न प्रस्ताव गरिएको गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

५. संस्थाको नियमावली अनुसार सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकको निर्वाचन गर्ने प्रयोजनार्थ नियुक्त निर्वाचन अधिकृतबाट निर्वाचन सम्बन्धमा प्रकाशित निर्वाचन कार्यक्रमको तालिका वमोजिम सर्वसाधारण समूहबाट ३ (तीन) जना शेयरधनीहरुको मात्र संचालक पदमा अन्तीम उम्मेदवारी प्राप्त भएकोले निजहरु निर्विरोध निर्वाचीत भएको जानकारी निर्वाचन अधिकृत श्री हरि कुमार नेपालबाट सभालाई जानकारी प्राप्त भए अनुसार सर्वसाधारण समुहका तर्फबाट निर्विरोध निर्वाचीत संचालकहरु श्री पर्शुराम दाहाल, श्री यज्ञ प्रसाद शर्मा र श्री चिराग गोयलको नियुक्ति सर्वसम्मत रुपले स्वीकृत गर्ने निर्णय गरियो ।

ख. विशेष प्रस्तावहरु

१. यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) प्रयोजनको लागि उन्नाईसौ बार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त बैंक तथा वित्तिय सस्थासंग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्न Merger तथा Acquisition समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ताको नियुक्ती गर्न, निजको पारिश्रमीक निर्धारण गर्न, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्न, सम्बन्धित नियमनकारी निकायहरुसंग सहमति लिने लगायतका Merger तथा Acquisition सम्बन्धी आवश्यक सम्पूर्ण कार्य/प्रकृया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने सम्बन्धमा प्रस्ताव वमोजिम हुनेगरी बैंकको नियमावलीमा गरिने संशोधन प्रस्ताव सर्वसम्मत रुपले पारित गरियो ।

३. संलग्न ३ महले विवरण वमोजिम वैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने र गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया लगायत अन्य आवश्यक विषयका लागि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

Excel Development Bank Ltd.
Nepal
एक्सेल डेभलपमेन्ट बैंक लि.

## नियमावलीमा गरिने संशोधन (तिनमहले) विवरण

| नियम नं. | साविकको व्यवस्था | संसोधित व्यवस्था | संसोधन गर्नुको कारण |
|---|---|---|---|
| २.१(क) | यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) मेची अञ्चलको झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.४, विर्तामोडमा रहने छ । | यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) मेची अञ्चलको झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.३, विर्तामोडमा रहने छ । | यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) मेची अञ्चलको झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.३, विर्तामोडमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई स्थानान्तरण गरिसकिएकोले । |
| २.१(ख) | यस कम्पनीको कार्यक्षेत्र प्रदेश नं. १ भित्र हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । | यस कम्पनीको कार्यक्षेत्र कोशी प्रदेश भित्र हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । | साविक प्रदेश नं. १ को नामाङ्कन कोशी प्रदेश भईसकेकाले । |
| १६(क) | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु ९,०००।- (अक्षरेपी नौ हजार मात्र) र रु ८,०००।- (अक्षरेपी आठ हजार मात्र) हुनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु ११,०००।- (अक्षरेपी एघार हजार मात्र) र रु १०,०००।- (अक्षरेपी दश हजार मात्र) हुनेछ । | अध्यक्ष तथा सञ्चालकहरु सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता सोह्रौं बार्षिक साधारण सभा पश्चात पुनरावलोकन नभएको र उक्त बैठक भत्ता तथा सुविधाहरु अन्य बैंक तथा वित्तीय संस्थाहरुको तुलनामा न्युन रहेकाले समयानुसार पुनरावलोकन गर्न उपयुक्त भएकाले प्रस्ताव गरिएको । |

## प्रवन्धपत्रमा गरिने संशोधन (तिनमहले) विवरण

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधनगर्नुको कारण |
|---|---|---|---|
| २(क) | यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) रहने ठेगाना: यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) मेची अञ्चलको झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.४, विर्तामोडमा रहने छ । | यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) रहने ठेगाना: यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) मेची अञ्चलको झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.३, विर्तामोडमा रहने छ । | यस कम्पनीको केन्द्रीय कार्यालय (रजिष्टर्ड कार्यालय) मेची अञ्चलको झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.३, विर्तामोडमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई स्थानान्तरण गरिसकिएकोले । |
| २(ख) | यस कम्पनीको कार्यक्षेत्र प्रदेश नं. १ भित्र हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । | यस कम्पनीको कार्यक्षेत्र कोशी प्रदेश भित्र हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । | साविक प्रदेश नं. १ को नामाङ्कन कोशी प्रदेश भईसकेकाले । |
| ४(ह) | नभएको | सहायक कम्पनी स्थापना गरी सोही मार्फत मर्चेन्ट बैकिङ्गका कामहरु गर्ने । | मर्चेन्ट बैकिङ्ग लगायतका कामहरु गर्न सहायक कम्पनी स्थापना गर्नका लागि । |

| | | | |
|---|---|---|---|
| ४(क्ष) | नभएको | प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्ड/सम्बन्धित अन्य निकायबाट अनुमति लिई धितोपत्र व्यवसाय सम्बन्धी कार्य गर्ने । | छुट्टै सहायक कम्पनी मार्फत विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही धितोपत्र व्यवसाय सम्वन्धी कार्य गर्ने । |

(ग) **विविध** : विविध विषयसूची अन्तर्गत प्रस्तावका रुपमा छलफल तथा निर्णय गर्नुपर्ने केहि नभएको ।

तत्पश्चात नवनिर्वाचित संचालकहरु श्री पर्शुराम दाहाल, श्री यज्ञ प्रसाद शर्मा र श्री चिराग गोयललाई निर्वाचन अधिकृत श्री हरि कुमार नेपाललज्युले सञ्चालक पदमा निर्वाचित भएको प्रमाणपत्र वितरण गर्नुभयो ।

नवनिर्वाचित संचालकज्युहरु लाई सञ्चालक पदमा निर्वाचित भएको प्रमाणपत्र वितरण पश्चात संचालक समितिका अध्यक्ष श्री महेन्द्र कुमार गोयलज्युबाट नवनिर्वाचित संचालकज्युहरुलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनु भयो ।

अन्त्यमा सभाका सभाध्यक्ष तथा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कुमार गोयलले साधारण सभामा उपस्थित भई सक्रिय रुपमा सहभागी सबै शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरु सर्वसम्मतिले पारित गरिदिनु भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, एनआईएमबि एस क्यापिटल लि., वाह्य लेखापरीक्षक, सञ्चालकज्यूहरु, बैंकका कर्मचारीहरु लगायत सम्बद्ध सबै प्रति हार्दिक आभार प्रकट गर्नुभयो र सभामा उठाइएका रचनात्मक सुझावहरुलाई बैंकको उन्नतीका लागि उपयोग गर्दै लैजाने प्रतिवद्धताका साथ सभा समापन भएको जानकारी दिनुभयो ।

Excel Development Bank Ltd. Nepal एक्सेल डेभलपमेन्ट बैंक लि.

श्याम बहादुर बोहोरा
कम्पनी सचिव

महेन्द्र कुमार गोयल
अध्यक्ष, संचालक समिति